मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ साउन ८ गते आइतवार (Sunday, July 24. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## श्रीमानको कुटाईबाट श्रीमतीको मृत्यु

**ताप्लेजुङ, साउन ७।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-९ स्थितमा श्रीमानको कुटाईबाट श्रीमतीको मृत्यु भएको छ भने कुटपिट गर्ने श्रीमानलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

फुङ्लिङ-९का ६५ बर्षीय बलबहादुर साँवाले आफ्नै श्रीमती ५४ बर्षीया कान्छीमाया लिम्बूलाई घरायसी बाद बिबादका कारण कुटपिट गर्दा कान्छीमायाको घटनास्थलमा नै मृत्यु भएको हो। घटनाको जानकारी

*(बाँकी अन्तिम पृष्ठमा)*



ताप्लेजुङको फुङ्लिङ नगरपालिका–६ गुम्बा डाँडामा कम्पोष्ट मल खेतबारीमा लैजान तयारी गर्दै किसान। तस्वीरः रासस

# घरजग्गामा कर्जा लगानी गर्न कडाई, शेयरमा खुकुलो

**काठमाडौं, साउन ७।** घरजग्गाको कारोबारलाई अनुत्पादक क्षेत्रका रुपमा चित्रण गर्दै नेपाल राष्ट्र बैंकले त्यसमा प्रवाह हुने कर्जाको सीमा घटाएको छ।

तर, चौतर्फी दबाबका आधारमा शेयर धितो कर्जाको प्रावधानमा भने केही खुकुलो नीति लिएको छ। आर्थिक वर्ष २०७८/०७९को मौद्रिक नीतिमा न्यूनतम् रु. चार करोड र अधिकतम् रु. १२ करोडसम्म कर्जा लिन पाउने प्रावधान राखिएको थियो। त्यसलाई धेरैले ४/१२को नीतिका रुपमा चित्रण गर्दै आएका थिए।

चालू आवको मौद्रिक नीतिमा शेयर धितो कर्जामा केही खुकुलो प्रावधान राखिएको छ। अब एक व्यक्तिले एउटा बैंकबाट रु. १२ करोड बराबरको ऋण लिएर शेयर खरिद गर्न सक्नेछन्। अघिल्लो व्यवस्थाले शेयर बजार ओरालो लागेको र लगानीकर्ताले ठूलो मात्रामा लगानी र नाफा गुमाएको भन्दै आलोचना भएको थियो।

एकातिर घरजग्गा धितोमा प्राप्त हुने कर्जाको सीमा घटाएको केन्द्रीय बैंकले शेयर धितो कर्जामा भने खुकुलो व्यवस्था गरिदिएको छ। तर केन्द्रीय बैंकले धितोपत्र दलाल व्यवसायीमार्फत प्राप्त हुने मार्जिन कर्जा व्यवस्थित हुँदै गएपछि यसलाई क्रमशः घटाउँदै जाने लक्ष्य राखेको छ।

मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले काठमाडौं उपत्यकाभित्र घरजग्गाको धितो राखेर कूल मूल्याङ्कनको ३० प्रतिशत बराबर मात्रै कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ। काठमाडौं उपत्यकाबाहिर भने त्यस्तो कर्जा ४० प्रतिशत बराबर पाइनेछ।




बैंक तथा वित्तीय संस्थाले घर/जग्गा धितो राखी निश्चित प्रयोजन नखुलेका नयाँ अधिविकर्ष कर्जा, धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा प्रवाह गर्दा कर्जा र सोको धितो सुरक्षणको फेयर मार्केट भ्याल्यूबीचको अनुपात घटाएको छ। यसअघि काठमाडौं उपत्यकामा ५० प्रतिशत र उपत्यकाबाहिर ६० प्रतिशत बराबरको कर्जा पाइने व्यवस्था थियो। यसबाट अनुत्पादक भनिएको क्षेत्रमा समेत केन्द्रीय बैंकको दोहोरो जस्तो देखिने भूमिका निर्वाह गरेको टिप्पणी गरिएको छ। उद्योगी व्यवसायीले भने बजारमा ब्याजदर वृद्धि हुने तथा आर्थिक वृद्धिको लक्ष्य पूरा नहुने टिप्पणी गरेका छन्।

यस्तै, अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोबार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकेका बैंक तथा वित्तीय संस्थालाई सो संस्थाले माग गरेमा बैंक दरमा दुई प्रतिशत विन्दुले पेनाल दर थप गरी अन्तिम ऋण दाता सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

अन्तिम ऋणदाता सुविधासम्बन्धी कार्यविधि जारी गरिने भएको छ। बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपातलाई २०७९ भदौ १ गतेदेखि लागू हुने गरी १ प्रतिशत विन्दुले वृद्धि गरी ४ प्रतिशत पुऱ्याइने भएको छ।

बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपातलाई वृद्धि गरी २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरूले १२ प्रतिशत, विकास बैंक र वित्त कम्पनीहरुले १० प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था गरिनेछ।

**पुनरकर्जामा गयो खर्ब बढी**

केन्द्रीय बैंकले आर्थिक वर्ष २०७८/७९ मा कूल रु. एक खर्ब ११ अर्ब ९६ करोड बराबर पुनरकर्जामा लगानी भएको छ। यस्तै, रु. एक खर्ब १५ अर्ब ६८ करोड पुनरकर्जा स्वीकृत भएको जनाएको छ।

नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ संशोधन गरी यस बैंकबाट सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा प्रदान गर्दा कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसाय र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिएको थियो।

सो आवमा कूल २४ हजार ३०५ ऋणीले त्यस्तो कर्जा पाएका थिए। सरकारको ब्याज अनुदानमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत गत

*(बाँकी अन्तिम पृष्ठमा)*

## बिर्तामोडमा फोहोर व्यवस्थापनका लागि कार्यदल

**बिर्तामोड, साउन ७।** बिर्तामोड नगरपालिकाले फोहोरमैला विर्सजन गर्ने स्थलको व्यवस्थापन गरी अल्पकालीन समस्या समाधानका लागि कार्यदल गठन गरेको छ।

नगरप्रमुख पवित्रा महतारा प्रसाईको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको संयोजकत्वमा समिति गठन गरेको हो। समितिको सदस्यमा वडा नम्बर ७का वडाध्यक्ष कृष्णप्रसाद खरेल, वडा नम्बर ८का वडाध्यक्ष अजय कार्की र वडा नम्बर १०का वडाध्यक्ष दूर्योधन गुरुङ रहेका छन्।

बैठकमा बोल्दै नगरप्रमुख प्रसाईले फोहोर व्यवस्थापनको समस्या विकराल हुनसक्ने भन्दै सबै एकजुट भएर



व्यवस्थापनमा लाग्नुपर्ने बताए। बैठकले टोल विकास संस्थामार्फत सबै घरधनी र व्यवसायीलाई कुहिने र नकुहिने फोहोर छुट्याएर राख्न र फाहोर संकलन गर्ने गाडी आएपछि मात्र फोहोर बाहिर निकालेर दिन आग्रह गर्ने निर्णय पनि गरेको छ।

कार्यपालिकाको बैठकले बिर्तामोड नगरपालिकाको शिक्षा ऐन जारी नभएसम्मका लागि शिक्षकहरुको अर्न्तपालिका र अन्तरजिल्लाको सरुवा रोक्ने निर्णय गरेको छ। शिक्षा ऐनको मस्यौदा तयार भएर छलफलको क्रममा रहेको र साउनको अन्तिमसम्ममा छलफल सकेर कार्यपालिकामा पेश गर्ने गरी काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले जानकारी दिए।

यस्तै चालू आर्थिक वर्षबाट सञ्चालन गरिने नगरस्तरीय तथा वडास्तरीय योजनाहरु ३ चरणमा विभाजन गरि योजनाहरुको लागत इस्टीमेट तयार गर्ने, सम्झौता गर्ने र सम्झौता भएका सबै योजनाहरुको अन्तिम फरफारक बैशाख मसान्तसम्ममा सम्पन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'वामपन्थी पार्टीहरुबीच एकताको प्रयास भइरहेको छ'

**काठमाडौं, साउन ७।** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पाँच दलीय गठबन्धनभित्र रहेका वामपन्थी



पृष्ठभूमिका पार्टीहरुबीच एकताको प्रयास भइरहेको बताएका छन्।

पार्टीको कार्यक्रमका लागि सर्लाही जाने क्रममा शनिवार जनकपुर विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै उनले गठबन्धनभित्र रहेको सबै वामपन्थी पृष्ठभूमि भएका समूहसँग छलफल चलिरहेको र छिट्टै सकारात्मक परिणाम आउने बताए।

जनता समाजवादी पार्टीबाट डा. बाबुराम भट्टराईको समूह फुटिसकेको र औपचारिकता मात्र बाँकी छ- अध्यक्ष प्रचण्डले भने- जसपाका दुवै पक्षसँग हाम्रो छलफल चलिरहेको छ, उपेन्द्र यादवजीले नेतृत्व गरेको पार्टी गठनबन्धनमै छँदैछ, बाबुरामजीले बनाउने अर्को पार्टी पनि गठबन्धनमै रहने उहाँहरुले भन्दै आउनुभएको छ। त्यस कारण बाबुरामजीको समूह पनि हाम्रै गठबन्धनमा रहने मेरो विश्वास छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'पुष्पलालको प्रेरणाले सबल भएको एमाले'

**काठमाडौं, साउन ७।** नेपाल कम्युनिष्ट पार्टी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेकपाका संस्थापक महासचिव पुष्पलालले दिएको योगदानको प्रेरणा लिएर शनिवार यस ठाउँमा आइपुगेको बताएका छन्।



४४औँ पुष्पलाल स्मृति दिवसका अवसरमा शनिवार यहाँ आयोजना भएको कार्यक्रममा अध्यक्ष ओलीले पुष्पलालले देखाएको सत्कर्मकै कारण एमाले यस स्थानमा आइपुगेको बताए।

पुष्पलालले पुऱ्याएको योगदानकै कारण शनिवार सचेत सङ्गठित, विस्तृत परिवर्तनकारी सबैभन्दा सबल शक्तिका रुपमा एमाले रहेको दाबी अध्यक्ष ओलीले गरे।

कार्यक्रममा पुष्पलाल र अरू शहीदहरूले देखाएको बाटोबाट अलि कति पनि विचल्लित नभईकन 'समृद्ध नेपाल, सुखी नेपाली' र स्वतन्त्र नेपाल बनाएर छोड्ने सङ्कल्प उनले पुनः दोहोऱ्याए। पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले भने- अग्रजलाई सम्मान गरिहँदा फराकिलो मनको

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'कांग्रेसले वीपीको सिद्धान्त छाडेको छैन'

**काठमाडौं, साउन ७।** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले वीपीको सिद्धान्त कांग्रेसले नछाडेको बताएका छन्।

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको



४०औँ स्मृति दिवसका अवसरमा तनहुँको भानु नगरपालिका-६ बरभञ्ज्याङस्थित बुद्धसिं पार्कमा शनिवार आयोजित वृक्षरोपण कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले कांग्रेस सधैं वीपीको पथमा हिँडिरहेको बताए। वीपीले भनेका विषयलाई समय सापेक्ष परिवर्तन गरिए पनि विपीको आदर्श र सिद्धान्तलाई छाड्न नसकिने पौडेलको भनाइ थियो।

वरिष्ठ नेता पौडेलले पाँच दलीय गठबन्धन आगामी निर्वाचनसम्म कायमै रहने बताए। गठबन्धनका विषयमा कुनै विवाद नरहेको भन्दै वरिष्ठ नेता पौडेलले लोकतन्त्र

*(बाँकी अन्तिम पृष्ठमा)*

## डुवेर दुई जनाको मृत्यु

**बिराटनगर, साउन ७।** सुनसरी र खोटाङको छुट्टाछुट्टै स्थानमा पानीमा डुवेर दुई जनाको मृत्यु भएको छ।

सुनसरीको कोशी गाउँपालिका-२ का रामकुमार उरावको १४ बर्षीय छोरा आयुष उराव कोशी गाउँपालिका-३ स्थित सिञ्चाई नहरमा पौडी खेल्ने क्रममा पानीमा डुवी बेहोस अवस्थामा स्थानीय मानिसहरुले फेला पारी उपचारको लागि जिल्ला अस्पताल इनरुवा लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको थियो।

*(बाँकी अन्तिम पृष्ठमा)*

**कर्मचारी आवश्यकता**

पद : प्रबन्धक सेवा : करार

आवश्यक संख्या : १, उमेर : २४ बर्ष पूरा भई ४० बर्ष ननाघेको

शैक्षिक योग्यता : वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण, साथै कुनै पनि सहकारी वा बित्तीय क्षेत्रमा काम गरेको अनुभब

योग्यता : कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको, मोटरसाइकलको लाइसेन्स भएको

परीक्षा दस्तुर : रु. ५००।- मात्र

मासिक सुविधाः संस्थाको नियम अनुसार, ३ महिना करार अवधि रहने

दरखास्त दिने अन्तिम मितिः २०७९।०४।१३ गतेसम्म

**श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड-५, झापा (०२३-५३४१६७)

## रोजगारीमा जाने धेरै नेपालीहरू कुन देशमा के गर्छन् ?

**काठमाडौं, साउन ७।** वैदेशिक रोजगारीका लागि नेपालीहरू सबैभन्दा धेरै खाडी मुलुकहरू जाने गरेको पछिल्लो तथ्याङ्कले देखाएको छ।

वैदेशिक रोजगार कार्यालयको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा म्यानपावार कम्पनीमार्फत्रु नेपालीहरू सबैभन्दा बढी साउदी अरब गएको पाइएको छ। सन् २०२१को जुलाई १६ देखि सन् २०२२ को जुलाई ५ तारिखसम्म १,२३,६५८ जना कामका लागि साउदी अरब गएका छन्।

साउदी अरबपछि कतार ७१,२८० जना, यूएई ४३,६८० जना, कुवैत २०,८७८ र मलेशिया १९,६३५ जना गएको तथ्याङ्क छ। त्यसपछि म्यानपावर कम्पनीमार्फत् धेरै नेपाली कामदारहरू जाने देशमा बहराइन, रोमानिया, साइप्रस, ओमान र क्रोएशिया रहेका छन्।

गत आर्थिक वर्षमा व्यक्तिगत पहलमा नेपालीहरू गएका देशको सूचीमा क्रोएशिया चाहिँ पहिलो स्थानमा देखिन्छ। त्यहाँ ३,५५२ जना गएका तथ्याङ्क छ भने त्यसपछि कतार, यूएई, माल्दिभ्स, यूके,



जापान र पोल्यान्डलगायत देश रहेका छन्।

**दोहऱ्याएर कुन देश धेरै ?**

वैदेशिक रोजगारीबाट फर्केर फेरि नेपालीहरू जाने गरेका देशको सूचीमा कतार पहिलो नम्बरमा देखिएको छ। गत आर्थिक वर्षमा म्यानपावर कम्पनीमार्फत्रु १,५८,८०८ जना नेपाली पुनः कतार गएको विभागको तथ्याङ्क छ। त्यसपछि ६७,३३३ जना यूएई र ६२,०५२ जना साउदी अरब पुनः कामका लागि गएको पाइएको छ। नेपाली कामदारहरू फर्केर पुनः गएका देशको सूचीमा जापान र माल्दिभ्स पनि रहेका छन्।

**कुन काममा बढी ?**

गत आर्थिक वर्षको तथ्याङ्क अनुसार सबैभन्दा धेरै नेपालीहरू मजदुरका रूपमा गएको देखिन्छ। त्यसैगरी कारखानाका कामदार, सरसफाइ गर्ने कामदार, घरेलु कामदार निर्माण क्षेत्रका कामदार र सुरक्षागार्डका रूपमा पनि धेरै नेपाली विदेश जाने गरेका छन्। म्यानपावरमार्फत्रु नभई व्यक्तिगत प्रयासमा विदेश जानेमा वेटर, भान्से, र परामर्शदाता लगायतका रूपमा पनि जाने गरेको तथ्याङ्कले देखाउँछ। यद्यपि त्यो संख्या विदेश जाने अदक्ष नेपाली कामदारको तुलनामा न्यून रहेको पाइएको छ।

**कम पैसा आउने काम**

माग अनुसार सम्बन्धित देशमा नेपाली कामदारहरू जाने गरेको अधिकारीहरू बताउँछन्। जहाँबाट जति धेरै कामदारको माग आउँछ त्यही नै धेरै जाने हुन्- वैदेशिक रोजगार विभागका निर्देशक डम्बरबहादुर सुनुवारले भने।

तर, नेपाली कामदारहरू जाने गरेका अधिकांश काम कम तलब एवम् सुविधा हुने खालका भएको अधिकारीहरू पनि स्वीकार्छन्। अधिकांश हाम्रा कामदार अदक्ष हुने गरेका छन् जसका कारण उनीहरूले पाउने तलब, सुविधा पनि कम नै हुने

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

# तेराख स्मृतिग्रन्थ लोकार्पण

लक्ष्मी उप्रेती



**मेचीनगर, साउन ७।** साहित्यकार तेराख प्रतिष्ठान मेचीनगर-९स्थित धुलावारी झापाले साहित्यकार तेराख स्मृतिग्रन्थ लोकार्पण गरेको छ।

प्रध्यापक डाक्टर टंक न्यौपाने, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्यहरु शुभद्रा भट्टराई अर्याल, पवन राजवंशी, साहित्यकार यज्ञराज प्रसाई प्रतिष्ठानका अध्यक्ष शिवकुमार पौडेललगायतले शनिबार धुलावारी माध्यमिक विद्यालयको सभाहलमा संयुक्तरुपमा स्मृतिग्रन्थको लोकर्पण गरेका थिए।

प्रतिष्ठानले आयोजना गरेको लोकार्पण कार्यक्रममा साहित्यकार मिश्र वैजयन्तीले स्मृति ग्रन्थको समीक्षा गर्दै स्मृतिग्रन्थभित्र साहित्यकार तेजराज खतिवडाको साहित्यिक कृतित्व तथा व्यक्तित्व झल्किने बताए।

ग्रन्थमा साहित्यकार खतिवडाले जीवनमा भोगेको सुख दुःखलगायतका विषयलाई चित्रण गरिएको छ। तेराख धेरैका लागि प्रेरणा भएको, उनका राम्रा कर्महरुले हामीलाई निरन्तर सिर्जनाको बाटोमा उपमा वा प्रेरणा दिनसक्ने उनको भनाइ छ। तेराखको भौतिकरुप अब शून्यमा विलिन भइसकेपछि उनका चेतन्मय कर्महरु भने उनका जीवनका संघर्षका रुपमा हाम्राबीचमा याथवत रहने बताइएको छ।

प्रमुख अतिथि प्रध्यापक डाक्टर टंक न्यौपाने साहित्यकार तेजराज खतिवडाले नेपाली साहित्यमा पुर्‍याएको योगदानको चर्चा गर्दै उनको निधनले एउटा समाज र परिवारलाई मात्र नभएर राष्ट्रलाई नै ठूलो क्षति पुगेको बताए। प्रतिष्ठानका संरक्षक लेखनाथ खतिवडाले साहित्यकार खतिवडाले नेपाली साहित्य क्षेत्रमा लागेर निक्कै ठूलो मान प्रतिष्ठा आर्जन तथा नेपाली साहित्य क्षेत्रमा पुर्‍याएको योगदानका कारण पनि हरेक नेपाली जन-जनको मुटुमा बस्न सकेको बताउँदै उनी सँधैभरि अमर रहने स्पष्ट पारे।

स्वर्गीय तेजराज खविडाका ज्येष्ठ सुपुत्रसमेत रहेका लेखनाथले परिवारजनकातर्फबाट प्रतिष्ठानले स्थापना गरेको अक्षयकोषमा थप १० लाख रुपैयाँको चेक अध्यक्ष शिवकुमार पौडेललाइ हस्तान्तरण गरेका थिए। प्रतिष्ठानका सदस्य जय भण्डारीले सञ्चालन गरेको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्यहरु शुभद्रा भट्टराई अर्याल, पवन राजवंशी, साहित्यकार यज्ञराज प्रसाईलगायतले बोलेका थिए।

उनीहरुले तेराखलाई नारीवादी लेखकको रुपमा लिन सकिने बताउँदै नारीलाई मात्र प्राथमिकतामा राखेर लेखिएका नौवटा कथा संग्रह मेको प्रेम रहेको र यो नै पहिलो कथाका रुपमा रहेको बताएका थिए। तेराख समाजको यथार्थलाई चित्रण र नारीका नारीका मनोभावनालाई मसिनो गरेर कल्पनाले सजाउँदै एउटा सजीव प्रतिबिम्ब उतारेर देखाउन खप्पिस रहेको सहभागी वक्ताहरुले बताएका थिए। तेराख नेपाली साहित्यमा स्थापित नाम भएको र आफ्नै लेखनको स्तरीयताबाट स्थापित भएको बताइएको छ।

तेराखको जन्म झापाको शान्तिनगरमा भएको, सोहीक्षेत्रको विद्यालयबाट एसएलसी पूरा गरी भारतको वाराणसीबाट आइएस्सी पूरा गरेका एक सशक्त युवा र शान्तिनगर आफैमा राजनीतिक चेत भएको क्षेत्र र सो क्षेत्रका खतिवडा र भण्डारी परिवारहरु प्रजातान्त्रिक आन्दोलनका सम्वाहक र सामाजिक अभियन्ता रहेको बताइएको छ। विद्यार्थी अवस्थादेखि नै साहित्य सिर्जनामा लागेका तेराखका २०औं कृतिहरु प्रकाशित भइसकेको चर्चा गरिएको थियो।

तेजराज खतिवडा एउटा सफल सम्पादक र उनले साहित्यिक पत्रिका ४/५ वटा सम्पादन गरेको समेत कार्यक्रममा बताईयो। आँखो, झटारो जस्ता तिखर बिचार बोकेका, प्रशासनलाई चुनौति दिने खालका लेख र कविताहरु भएका पत्रिका नडराइकन सम्पादन गरेका थिए।

प्रतिष्ठानका उपाध्यक्ष दुर्गादेवी खतिवडाले स्वागत गरेको कार्यक्रममा डाक्टर खगेन्द्रप्रसाद दाहाल, शिरोसान्दाई, विन्दू दाहाल, गीता सुवेदी नेपाल, टंक 'विकल्प' मीना अधिकारीले साहित्यकार तेराखको कविता वाचन गरेका थिए।

कार्यक्रममा सहभागी सवैलाई प्रतिष्ठानका कोषाध्यक्ष सुशीला दाहाल खतिवडाले धन्यवाद ज्ञापन गरेका थिए।

# अर्जुनधारामा घरदैलोमार्फत् ३५ जनालाई परिचय पत्र



**अर्जुनधारा, साउन ७।** झापाको अर्जुनधारा नगरपालिको पूर्ण तथा अशक्त अपाङ्गता भएका नगरवासीहरुको घरमै पुगेर परिचय-पत्र वितरण गरेको छ।

नगरकी उपप्रमुख एवम् स्थानीय अपाङ्गता समन्वय समितिकी संयोजक खड्गमाया पराजुलीको नेतृत्वमा महिला तथा बालबालिका शाखाका कर्मचारी र चिकित्सकसहितको टोलीले उनीहरुलाई परिचय-पत्र वितरण गरेको हो।

तीन दिनसम्म सञ्चालन भएको कार्यक्रम अन्तर्गत टोलीले अर्जुनधारा १, २, ४, ८ र १० नम्बर वडाका विभिन्न ठाँउमा घरदैलोमार्फत् ३५ जनालाई परिचय-पत्र वितरण गरेको महिला विकास निरीक्षक जमुना पौडेलले जानकारी दिइन्। त्यस्तै एक सय २० वटा हस्तलिखित परिचय पत्रलाई सफ्टवेयरमा आबद्ध गरिएको उनले बताइन्।

# प्लास्टिक सिसा हस्तान्तरण

**अर्जुनधारा, साउन ७।** स्वच्छ समाजका लागि सामाजिक अभियान झापाले अर्जुनधारा-१०मा विद्यार्थी भाइबहिनीहरुको सक्रियतामा सरसफाइ तथा संकलित प्लास्टिक सिसा हस्तान्तरण गरेको छ।

अभियानले बिगत केही बर्ष यता असहाय अनाथ र दृष्टिबिहीन बालबालिका बस्ने घर बनाउने उद्देश्य साथ बाटाका, पसल र घरमा भएका प्लास्टिकजन्य बोटल, फुटेका सिसा आदि संकलन गरी फोहोरलाई मोहरमा बदल्दै आएको रकम र दाताहरूको सहयोगबाट आवास बनाउने कार्यमा लागेको अध्यक्ष अभियन्ता गणेश ढुंगानाले बताए।

अर्जुनधारा नगरपालिका मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिकाको सगम स्थान डाँडागाउँ सुब्बा चोकका सचेत बिद्यार्थी र अभिभावकले आ-आफ्नो घरमा भएका बेकार प्लास्टिक सिसा आदि अभियानलाई बुझाएका थिए।

कार्यक्रम अर्जुनधारा-१०का वडाध्यक्ष भूपेन्द्र न्यौपानेको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा सस्थाका बरिष्ठ उपाध्यक्ष समाजसेवी शेरबहादुर थापा, समाजसेवी प्रेम नेम्वाङ्ग, समीर लिम्बू, बिमल लिम्बू, राजन बरालले यस अभियानले गरेको सह्राहनीय कार्य प्रति खुशी व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण सञ्चारकर्मी रञ्जित परियारले गरेका थिए।

## कोभिडविरुद्ध ...

साथ अगाडि बढ्नुपर्छ। उनले कार्यकर्तालाई पुष्पलालका काम, विचार, योगदनको प्रेरणा लिएर अघि बढ्नु आग्रह गरे।

पुष्पलालको जीवनको चर्चा गर्दै अध्यक्ष ओलीले नेपालको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा उनले पुर्‍याएको योगदानको स्मरण गरेका थिए। सोही अवसरमा अन्य विभिन्न पार्टीबाट करिब २० जना एमालेमा प्रवेश गरेका थिए।

## रोजगारीमा ...

गर्छ- निर्देशक सुनुवारले थपे।

हामीले धेरै दक्ष कामदार पठाउन सक्ने भए उनीहरूले पठाउने रेमिट्यान्स पनि बढी हुन्थ्यो भने राज्यले उद्धारलगायत काममा पनि धेरै समय खर्चिनुपर्दैनथ्यो। घरेलु हिंसामा पर्ने, अलपत्र पर्ने नेपाली कामदारको उद्धारमा पनि राज्यको समय र रकम खर्च हुने गरेको अधिकारीहरू बताउँछन्। यो अवस्थामा सुधारका निम्ति प्रयासहरू जारी रहे पनि अझै अपेक्षित उपलब्धि हुन नसकेको निर्देशक सुनुवारको भनाइ छ।

**आप्रवासन विज्ञ के भन्छन् ?**

तलब एवम् सेवासुविधाका आधारमा आकर्षक श्रम बजारमा भन्दा पनि जहाँबाट माग आयो त्यहीं नै नेपालले कामदार पठाउने प्रवृत्ति रहेको कतिपय विज्ञ बताउँछन्। एकातिर अदक्ष कामदार बोलाउँदा कम पैसा दिनुपर्ने भएर गन्तव्य मुलुकले फाइदा देख्ने भए भने अर्कोतिर नेपालमै रोजगारी नभएकोले पठाइहाल्ने प्रवृत्ति छ- आप्रवासन सम्बन्धी विज्ञ सरू जोशीले भनिन्।

हाम्रा कामदारले कहाँ राम्रो र धेरै सुविधा पाउँछन् उनीहरूको कहाँ धेरै सुरक्षा हुन्छ भन्ने कुरामा त्यति ध्यानै दिइएको देखिँदैन। उनका अनुसार नेपालले दक्ष कामदारहरू पठाउने गरेको भए यहाँ भित्रिने रेमिट्यान्स अर्थात् विप्रेषणको अवस्था नै बेग्लै हुन्थ्यो।

नेपाल आउने रेमिट्यान्स नै अहिलेको भन्दा दुई/तीनगुना बढी हुन्थ्यो। कामदारले व्यक्तिगत रूपमा र राज्यले लिन फाइदा पनि धेरै हुन्थ्यो- जोशीले थपिन्। श्रम कूटनीति र अर्थ कूटनीतिलाई लिएर राज्य गम्भीर हुनुपर्ने उनको सुझाव रहेको वीवीसीले उल्लेख गरेको छ।

## घरजग्गामा ...

जेठसम्म एक लाख ४७ हजार १४७ ऋणीलाई रु. दुई खर्ब १५ अर्ब ९१ करोड कर्जा लगानी गरेको छ।

यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय शीर्षकमा ६० हजार ६१८ ऋणीलाई रु एक खर्ब ३९ अर्ब ८४ करोड र महिला उद्यमशील कर्जा अन्तर्गत ८३ हजार ६६९ महिला उद्यमीलाई रु. ७२ अर्ब ३८ करोड कर्जा लगानी भएको छ। सहुलियतपूर्ण कर्जाका अन्य आठ शीर्षक अन्तर्गत कूल दुई हजार ८६० ऋणीलाई रु. तीन अर्ब ६९ करोड कर्जा लगानीमा रहेको छ।

## श्रीमानको ...

पाए लगत्तै तत्काल जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट प्रहरी निरीक्षकको टोली खटी कुटपिट गर्ने साँवालाई पक्राउ गरेको छ भने मृतक शवलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल पठाएको साथै घटना सम्वन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ।

## कांग्रेसले ...

बचाउन र संविधान रक्षाका लागि पनि गठबन्धन आवश्यक रहेको धारणा राखे।

वरिष्ठ नेता पौडेलले प्रत्येक गाउँमा पोखरी र चौतारी बनाउनुपर्ने बताए। पोखरी र चौताराको सभ्यतालाई कायम गर्नुपर्ने बताउँदै पौडेलले भने- पहिला पहिला सबै गाउँमा पोखरी र चौतारा हुन्थे, यसले गाउँको सुन्दरता थपेको थियो, आजभोलि हराउँदै जान थालेको छ। यसलाई संरक्षण गर्नुपर्छ।

वरिष्ठ नेता पौडेलले तनहुँमा कांग्रेसको नेतृत्वमा धेरै काम शुरु भएकाले यसलाई सम्पन्न गराउने जिम्मेवारी पनि कांग्रेसको भएको बताए। मेरो नेतृत्वमा धेरै पूर्वाधारका काम भएका छन्, यसलाई सम्पन्न गराउनेतर्फ म तीव्र गतिमा लागिरहेको छु- पौडेलले भने।

## वामपन्थी ...

गठबन्धनमा रहेका वामपन्थी पृष्ठभूमिका दलहरुबीच चुनावी मोर्चा वा पार्टी एकताका लागि संयोजन समिति पनि बन्न सक्ने उल्लेख गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले भने- हाम्रो छलफल चलिरहेको छ तर अहिलेसम्म अन्तिम निर्णयमा पुग्न सकेका छैनौं। सम्भवत: केही दिनभित्र एउटा निर्णयमा हामी पुग्छौं- उनको भनाइ थियो। आफूहरूकै जोडबलमा नै नागरिकता विधेयक पारित भएको र नागरिकताविहीन नेपाली नागरिकले नागरिकता पाउन लागेको जिकिर गर्दै अध्यक्ष प्रचण्डले विधेयक पारित भएसँगै नागरिकता विवाद पनि समाधान भएको बताए।

## बिर्तामोडमा ...

गर्ने गरी कार्य योजना बनाएर कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने बैठकले निर्णय गरेको छ।

बैठकले नगरपालिकाको निर्णय र क्रियाकलापहरुलाई सार्वजनिकीकरण गर्न वडा नम्बर १का वडाध्यक्ष अग्नीप्रसाद पाण्डेलाई प्रवक्ता तोकेको छ। वडाध्यक्ष पाण्डे यसअघिको कार्यकालमा पनि नगरको प्रवक्ता बनेका थिए।

## डुबेर ...

यसैगरी खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६की ६८ बर्षीया दिल लक्ष्मी राई आफ्नै खेतबारीमा डुबेर मृत्यु भएको छ।

उनको खेतबारीमा पानी लगाउन भनि गएकिमा अवेर सम्म फर्की नआए पश्चात आफन्तले खोजतलास गर्ने क्रममा कुलोको पानीमा लडी घोप्टो परी मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।


## श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह तथा कैदले पर्यापर्यटन क्षेत्र, अर्जुनधारा नपा-३, झापा

*दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/०८*

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह अर्जुनधारा-३, झापाले आ.व.२०७८/०७९ मा समूहको वनबाट उत्पादित चिरान काठ समूहको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिणामको काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा प्रथम पटक प्रकाशित सूचनामा काठको मूल्य बढी पर्न गएको भनि प्रकाशित म्यादभित्र कुनै पनि आवेदन पर्न नआएको हुँदा मिति २०७९/०४/०६ गते बसेको कार्य समितिको बैठकले मूल्य समायोजन गरी मिति २०७९/०४/०८ गते पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पूर्वाअञ्चल दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।

**तपशिल**

**वन पैदावारको विवरण :**

| सि.नं. | जात | लट नं. | थान | परिणाम | धरौटी | न्यूनतम मूल्य | प्रयोजन |
|---|---|---|---|---|---|---|---|
| १. | साल | १४ | १७२ | २११.०० | १० प्रतिशत | ६९६३०० | लिलाम प्रयोजन चिरान फाल्टा |
| २. | साल | १५ | १४७ | १८४.०० | १० प्रतिशत | ६०७२०० | लिलाम प्रयोजन चिरान फाल्टा |
| ३. | साल | १६ | १४९ | १७७.१३ | १० प्रतिशत | ५८४५२९ | लिलाम प्रयोजन चिरान फाल्टा |
| ४. | साल | १७ | १८९ | २३३.०० | १० प्रतिशत | ७६८००० | लिलाम प्रयोजन चिरान फाल्टा |
| ५. | साल | १८ | १८८ | २४६.९५ | १० प्रतिशत | ८१४९३५ | लिलाम प्रयोजन चिरान फाल्टा |
| ६. | साल | १९ | २०३ | १९४.०१ | १० प्रतिशत | ६४०२३३ | लिलाम प्रयोजन चिरान फाल्टा |
| ७. | अन्य जात | २० | ९९ | १४७.२१ | १० प्रतिशत | २६४९७८ | लिलाम प्रयोजन चिरान फाल्टा |
| ८. | साल | २१ | ८९ | ३५.४१ | १० प्रतिशत | ११६८५३ | लिलाम प्रयोजन चिरान वटम |
| ९. | साल | २५ | ४२५ | १८१.५० | १० प्रतिशत | ५९८९५० | लिलाम प्रयोजन चिरान वटम |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
**क) अन्तिम मिति २०७९/०४/२२ ख) समय : ४:०० बजेसम्म**
३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सेल डेभलपमेन्ट बैंक खुदुनाबारीमा रहेको खाता नं. ०२९००२०००९८०२३००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।
४. बोलपत्र फारम प्रति लटको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ।
५. लिलाम बढाबढ हुने वन पैदावर कार्यालय खुलेको समयभित्र सामुदायिक वन उपभोक्ता समूह कमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।
६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ।
७. निर्धारित समयमा न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९/०४/२२ गते २:०० बजे समूहका पदाधिकारी, वन प्रतिनिधि र बोलपत्र कर्ताका प्रतिनिधिको रोहवहरमा खोलिनेछ।
८. लिलाम स्वीकृत भएको मितिले १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुटै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानुपर्नेछ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ।
११. बोलपत्र खरिद तथा दर्ता गर्दा लट नं. बाहिर देखिने गरी खाममा अनिवार्य खुलाउनुपर्नेछ।

**अध्यक्ष, श्री जुकेखाडी सा.व.उ.स (मो. ९७४४३३५६४, ९८५२६७३३२४)**



## सूचना ! सूचना !! सूचना !!!

**श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ बुद्धनगर टोलबाट बि. एण्ड सि. हस्पिटल अगाडि ज्योति बिकास बैंक को माथिल्लो तल्लामा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा सरेको जानकारी गर्दछौं।**

**फोन नं. ९८५२६७३२६९, ९८१५९८२२२३**



**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
**बिर्तामोड, झापा**

## सूचना ! सूचना !! सूचना !!!

नेपाल विद्युत् प्राधिकरणको दुहवी सवस्टेशन अन्तर्गतको दुहवी सवस्टेशन नजिक १३२ के.भि. दुहवी दमक प्रशारण लाइनको Pad Connector तथा जम्पर मर्मत/बदली कार्य गर्नुपर्ने भएको हुँदा मिति २०७९/०४/०८ गते बिहान ६:०० बजेदेखि ७:०० बजेसम्म लाइन अवरुद्ध हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारी गराइन्छ।

**इ. सुधिरकुमार राय : केन्द्र प्रमुख**



## श्री कनकाईधाम धार्मिक विकास संस्था कोटीहोम
**कनकाई नगरपालिका-४, कोटीहोम, झापाको**

## सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा कनकाईधाम धार्मिक विकास संस्था कोटीहवन कनकाई-४ को कार्यसमिति र सल्लाहकार समिति समेतको २०७९ साल असार २७ को पूर्ण बैठकले यस संस्थाको नयाँ सदस्यता प्रदान तथा साधारण सदस्यता नविकरण यही मिति २०७९ साल श्रावण ५ गते बिहान ९ बजेबाट दैनिक श्रावण ३१ गते मसान्तका दिन साँझ ४ बजेसम्मका लागि खुल्ला गरिने निर्णय भए अनुसार इच्छुक धर्मप्रेमी नेपाली नागरिकहरुलाई निम्न अनुसारको शर्तको अधिनमा रही नयाँ सदस्यता तथा सदस्यता नविकरण समेत गर्न हुने यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**शर्तहरु :**

१. नयाँ साधारण सदस्यता लिन इच्छुक व्यक्ति तथा पुराना नविकरण गर्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपीसहित स्वयम् उपस्थित हुनुपर्नेछ।
२. नयाँ साधारधण सदस्यता शुल्क वापत रु. ४००/- चार सय मात्र बुझाउनुपर्नेछ।
३. यसअघि साधारण सदस्यता लिनुभएका साधारण सदस्यहरुले नविकरण शुल्क रु. ३००/- बुझाई साधारण सदस्यता नविकरण गर्नुपर्नेछ।
४. नयाँ साधारण सदस्यता लिने र नविकरण गर्ने व्यक्ति स्वयम् उपस्थित नभई अन्य व्यक्तिहरुलाई नागरिकता प्रमाणपत्रको प्रतिलिपी दिइ पठाएता पनि सदस्यता प्रदान तथा सदस्यता नविकरण गराइने छैन।

**डिल्लीराम बाहकोटी : महासचिव**
**कनकाई धाम धार्मिक विकास संस्था, कोटीहोम, झापा**



# VACANCY ANNOUNCEMENT

**Purna Tunga Birta City Hospital & Research Center, Birtamode-1, Jhapa announces Vacancy for the following posts.........**

| Designations | Nos. | Qualification/Experience. |
|---|---|---|
| Hospital Floor Manager | 02 | At least one year experience in same department /Bachlor degree in hospital Management |
| House Keeping | 02 | Bachlor or above with basic computer knowledge |
| Marketing Officer | 02 | BBA with computer knowlege |
| Health Assistant (HA) | 10 | Fresher's are encouraged |
| Staff Nurse | 10 | Fresher's are encouraged |
| Auxillary Nurse Midwife (ANM) | 10 | Fresher's are encouraged |
| CMA | 10 | Fresher's are encouraged |
| Non Medical staff | 05 | +2 or above with good communication skill |
| Public Reation officer | 01 | +2 or above with good communication skill and Computer Knowledge |

Interested Candidates are reuested to submit their C.V. on the following email address pt.birtacityhospital@gmail.com :WALK IN INTERVIEW

**Contact No: 023-546580/544855/9862680000/9817923111**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## वीपी र पुष्पलालको आदर्शलाई सम्झँदा

**हामीले साउन ६ गते ४०औं स्मृति दिवस र साउन ७ गते ४४औं पुष्पलाल स्मृति दिवस मनायौं । नेपाली राजनीतिका शिखर पुरुषका रूपमा वीपी र पुष्पलाललाई नेपालीले लिने गरेका छन् । वीपी कोइराला नेपालको प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनका एकजना विशिष्ट धरोहर हुन् । नेपालमा प्रजातान्त्रिक चेतनाको बिजारोपण, त्यसको विस्तार र प्रजातान्त्रिक समाजको आधारशीला निर्माणमा उनले ज्यादै महत्वपूर्ण भूमिका खेलेका छन् । साहित्यमा समेत गहिरो दख्खल राख्ने र नेपाली साहित्य भण्डारमा उत्कृष्ट साहित्यिक सिर्जनाहरू प्रदान गर्ने वीपीको व्यक्तित्व, चिन्तन र क्रियाकलापको गहिरो प्रभाव नेपाली समाज र प्रजातान्त्रिक विश्वमा आजपर्यन्त अनुभूत गर्न सकिन्छ । राणा शासक र पञ्चायती शासकहरूबाट जतिसुकै उत्पीडन र कठोर यातना पाउँदा पनि आफ्नो सिद्धान्तमा सगरमाथा झैं सदैव अडिग र अटल रहने क्रान्तिद्रष्टा, राष्ट्रवादी, राष्ट्रियता र प्रजातन्त्रप्रति सदैव आस्थावान रहेका वीपीले जीवनभर संघर्ष, आन्दोलन र द्वन्द्वबाट गुज्रिनु पऱ्यो । कोइराला राजनीतिमा समाजवादी र व्यवहारवादी थिए । जीवनभर देश र जनताकै लागि संघर्ष गर्दै अटुट रूपमा सत्ताको विपरीत धारमा उभिइरहने वीपी निर्भिक नेता थिए ।**

**पुष्पलाल नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव थिए । २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना गर्दा समुन्नत राष्ट्र निर्माण गर्ने र नेपाली जनताको मुक्तिको अभिभारा पूरा गर्ने लक्ष्य पुष्पलालले लिएका थिए । पुष्पलाल कै सोच अनुसार वामपन्थी एवम् लोकतान्त्रिक शक्तिहरू बीचको सहकार्यबाट सञ्चालन भएको शान्तिपूर्ण संयुक्त जनआन्दोलनका माध्यमबाट मुलुकमा राजतन्त्रको अन्त्य सम्भव भई गणतन्त्रात्मक शासन व्यवस्था थालनी भएको छ । उनी नेपालको समग्र वाम आन्दोलनको आदर्श बनेका छन् । पुष्पलाल युगान्तकारी परिवर्तनका विचारक, पथप्रदर्शक र भविष्यद्रष्टा थिए । पुष्पलाल देशभक्त क्रान्तिकारी थिए, उनी नेपाली स्वाभिमान र स्वतन्त्रताप्रति अति संवेदनशील थिए । अन्तर्राष्ट्रवादमा विश्वास गर्ने कम्युनिष्ट हुँदाहुँदै पनि उनी हरेक कम्यनुनिष्ट क्रान्तिकारीमा राष्ट्रिय चरित्र हुनुपर्छ भन्ने मान्यता राख्थे । उनले भनेका थिए, 'प्रत्येक देशका क्रान्तिकारीहरू प्रथमतः राष्ट्रमुखी हुनु पर्दछ । त्यसै भएको खण्डमा मात्र पार्टीले आफ्नो राष्ट्रिय कर्तव्य निभाउन सक्नेछ ।' भारतको नेपालप्रतिको हेपाहा नीति र नेपालको स्वतन्त्र अस्तित्व नमान्ने प्रवृत्तिको उनी प्रखर आलोचक थिए ।**

**समाजको विश्लेषण गर्दा र राजनीतिक कार्यक्रम तय गर्दा साम्प्रदायिकताको गन्ध लेसमात्र पनि आउनु हुँदैन भन्ने उनको स्पष्ट विचार थियो । पुष्पलालले आफू नेवारबाट नेपालीमा परिणत भई मार्क्सवादतिर लागेको व्यक्ति भएकाले जातिवादी सोच राख्ने र साम्प्रदायिकता बिथोल्ने कुराप्रति घृणा जागेको लेखेका छन् । वर्गीय राजनीति गर्न नसक्नेले साम्प्रदायिक नारा उराल्छ भन्ने उनको विचार थियो । दुई युग पुरुषलाई श्रद्धाञ्जलि दिनु भनेको नेपाललाई अझ अग्रगामी र प्रगतिशील बनाउन कसम खानु हो । नेपालको लोकतन्त्रलाई अझ समुन्नत लोकतन्त्र बनाउन र आधुनिक युग सापेक्ष नीति तथा कार्यक्रमका बारेमा चिन्तन/मनन गर्न आवश्यक छ । हार्दिक श्रद्धाञ्जलि दुबै लोकतान्त्रिक तथा वाम आन्दोलनका परिकल्पनाकारलाई ! हृदयतः श्रद्धासुमन लोकतन्त्रका दुबै नायकहरूलाई !**

# भारतकी नयाँ राष्ट्रपति द्रौपदी मुर्मूको जीवन र राजनीतिक सफलता





भुवन तामाङ

भारतको १५औं राष्ट्रपतिको रुपमा द्रौपदी मुर्मू बिजयी भएकी छन् । भारतको राष्ट्रपति पदमा निर्वाचित द्रौपदी मुर्मू भारतमा राष्ट्रपति हुने पहिलो आदिवासी र दोस्रो महिला हुन् । नयाँ राष्ट्रपति मुर्मूले जुलाई २५ मा राष्ट्रपति पद र गोपनियताको सपथ लिने छिन् ।

भारतमा १५औं राष्ट्रपति निर्वाचनका लागि, द्रौपदी मुर्मू भाजपा नेतृत्वको एनडीए र विपक्षी तर्फबाट यशवंत सिन्हा उम्मेदवार रहेका थिए । द्रौपदी मुर्मूलाई २७ भन्दा बढी दलको समर्थन रह्यो । यसमा एनडीए बाहेक धेरै विपक्षी दलहरू पनि संलग्न छन् । त्यहीँ विपक्षी उम्मेदवार यशवन्त सिन्हालाई १४ दलको समर्थन रह्यो ।

भारतको राष्ट्रपति निर्वाचनमा विजयी भएकी मुर्मूलाई उनका प्रतिद्वन्द्वी यशवंत सिन्हाले बधाई दिएका छन् । ट्वीटरमा उनले लेखेका छन्- २०२२ को राष्ट्रपतीय निर्वाचनमा विजयी श्रीमती द्रौपदी मुर्मूलाई बधाई दिन्छु । उनले थप लेखेका छन्- भारतलाई आशा छ कि १५औं राष्ट्रपतिको रूपमा उनले संविधानको संरक्षकको रूपमा भयरहीत रुपमा काम गर्ने छिन् ।

**द्रौपदी मुर्मूको जिन्दगीको दुःखद् कथा :**

समय बिहानको ७ बजेको थियो । ओडिशाको राजधानी भुवनेश्वरको पत्रपाडा क्षेत्रमा हलचल मच्चियो । त्यहाँ एक घरमा २५ वर्षीय युवक बेडमा बेहोस अवस्थामा फेला परे । परिवारका सदस्यले उनलाई अन्तिम आशाका साथ अस्पताल लगे तर चिकित्सकले उनलाई मृत घोषणा गरिदिए । यो शव लक्ष्मण मुर्मूको थियो । लक्ष्मण मुर्मू अरु कोही नभई त्यहाँको पूर्वमन्त्री द्रौपदी मुर्मूका छोरा थिए । उही द्रौपदी मुर्मू जो आज भारतको राष्ट्रपति हुन सफल भएकी छन् ।

**छोराको रहस्यमय मृत्यु :**

सन् २००९ मा लक्ष्मण मुर्मूको मृत्यु रहस्यमै रह्यो । लक्ष्मण काका र काकीसँग बस्थे । यो घटनाको समयमा द्रौपदी रैरङपुरमा थिइन् । लक्ष्मण आफ्ना साथीहरूसँग राति अबेर अटोमा घरबाट निस्किएका थिए । लक्ष्मण घर फर्केपछि काका-काकीको आदेशमा साथीहरूले लक्ष्मणलाई कोठामा राखे । किनकि त्यसबेला लक्ष्मणको स्वास्थ्य ठीक थिएन । परिवारका सदस्यले थकानका कारण यस्तो भएको महशुस गरे पनि बिहान लक्ष्मण ओछ्यानमा अचेत अवस्थामा फेला परेका थिए । परिवारले उनलाई डाक्टर कहाँ लगे, त्यतिञ्जेल उनको मृत्यु भइसकेको थियो । यो रहस्यमय मृत्युको रहस्य अहिलेसम्म पनि खुल्न सकेको छैन ।

**चार वर्षपछि अर्को दुःखद् घटना :**

छोराको मृत्युको शोकबाट द्रौपदी अझै बाहिर निस्किन सकेकी थिइनन् । तर, पनि उनलाई अर्को स्तब्ध पार्ने खबर आयो । यो घटना सन् २०१३ को हो । जब द्रौपदीको दोस्रो छोराको सडक दुर्घटनामा मृत्यु भयो । द्रौपदीका दुई साना छोराहरू चार वर्षको अन्तरालभित्रै मरे । उनी पुरै टुटेकी थिइन् । यसबाट बच्न उनले अध्यात्मको समेत सहारा लिइन् । द्रौपदी राजस्थानको माउन्ट आबुमा रहेको ब्रह्माकुमारी संस्थान जान थालेकी थिइन् । उनी धेरै दिन यहाँ तपस्या गर्थिन् । तनाव कम गर्न राजयोग सिकिन् । संस्थानका धेरै कार्यक्रममा सहभागी भइन् ।

**अर्को वर्ष श्रीमानको पनि मृत्यु :**

दुई छोराको मृत्युको पीडा अझै कम भएको थिएन कि २०१४ मा द्रौपदीका श्रीमान् श्यामाचरण मुर्मूको पनि मृत्यु भयो । श्यामाचरण मुर्मूलाई हृदयघात भएको बताइएको छ । परिवारका सदस्यले उनलाई अस्पताल पुऱ्याए, जहाँ चिकित्सकले उनलाई मृत घोषणा गरे । श्यामाचरण बैंकमा काम गर्थे । अहिले द्रौपदीको परिवारमा छोरी इतिश्री मुर्मू छिन् । इतिश्री बैंकमा काम गर्छिन् ।

**द्रौपदी मुर्मू :**

द्रौपदी मुर्मुको जन्म २० जुन १९५८ मा ओडिशाको मयुरगञ्ज जिल्लाको बैदपोसी गाउँमा भएको थियो । द्रौपदी सन्थाल आदिबासी जनजाति समूहकी हुन् । उनको बुबाको नाम बिरांची नारायण टुडू किसान थियो । द्रौपदीका दुई दाजुभाइ छन् । भगत टुडू र सरैनी टुडू । द्रौपदीको विवाह श्यामाचरण मुर्मूसँग भएको थियो । उनीहरुका दुई छोरा र एक छोरी जन्मिए । द्रौपदीको बाल्यकाल चरम अभाव र गरिबीमा बित्यो । तर, उनले आफ्नो परिश्रममा बाधा आउन दिइनन् । उनले भुवनेश्वरको रमादेवी महिला कलेजबाट स्नातक पूरा गरेकी हुन् । द्रौपदी मुर्मू छोरीलाई पढाउन शिक्षिका बनिन् ।

**राजनीतिक यात्रा :**

राजनीतिमा आउनुअघि द्रौपदी मुर्मूले शिक्षिकाको रुपमा आफ्नो करियर शुरु गरिन् । उनले सन् १९७९ देखि १९८३ सम्म सिँचाइ तथा विद्युत् विभागमा कनिष्ठ सहायकको रूपमा पनि काम गरिन् । त्यसपछि सन् १९९४ देखि १९९७ सम्म मानार्थ सहायक शिक्षकको रुपमा काम गरिन् । उनले पहिलो पटक सन् १९९७ मा चुनाव लडिन् । ओडिशाको रैरंगपुर जिल्लामा काउन्सिलर पदमा निर्वाचित भइन् । यसपछि उनी जिल्ला परिषद्को उपाध्यक्षमा पनि निर्वाचित भइन् । २००० सालमा विधानसभा चुनाव लडिन् । रायरंगपुर विधानसभाबाट विधायक निर्वाचित भएपछि, उनी बीजेडी र भाजपा गठबन्धन सरकारमा स्वतन्त्र प्रभारका साथ राज्यमन्त्री बनिन् ।

२००२ मा उनलाई ओडिशा सरकारमा मत्स्य पालन र पशुपालन विभागको राज्यमन्त्री बनाइएको थियो । २००६ मा उनी भाजपा अनुसूचित जनजाति मोर्चाको प्रदेश अध्यक्ष बनाइयो । २००९ मा उनले बीजेपीको टिकटमा दोस्रो पटक रायरंगपुर विधानसभाबाट चुनाव जितिन् । यसपछि उनले २००९ मा लोकसभा चुनाव पनि लडिन्, तर, जित्न भने सकिनन् । सन् २०१५ मा द्रौपदीलाई झारखण्डको गभर्नर बनाइयो । उनले २०२१ सम्म गभर्नरको रूपमा काम गरिन् ।

**सर्वोत्कृष्ट विधायकको उपाधि :**

द्रौपदी मुर्मूलाई पहिले पढाइ र त्यसपछि परिवारको दर्दनाक दुर्घटनाहरुले सताएको थियो । तर, उनले समाजको लागि सधैं राम्रो काम गरिन् । मुर्मुलाई २००७ मा ओडिशा विधान सभाद्वारा वर्षको सर्वश्रेष्ठ विधायकको लागि नीलकण्ठ पुरस्कार प्रदान गरिएको थियो । उनीसँग ओडिशा सरकारमा यातायात, वाणिज्य, मत्स्य पालन र पशुपालन जस्ता मन्त्रालयहरू सम्हालेको अनुभव छ ।

द्रौपदी मुर्मूको जीतले भारतीय राष्ट्रपति पदको सम्बन्धमा पाँच रेकर्ड कायम भएको छ । भारतको पहिलो आदिबासी राष्ट्रपति, सबभन्दा कम उमेरकी राष्ट्रपति, स्वतन्त्र भारतमा जन्म भएकी राष्ट्रपति (यसअघिका सबै राष्ट्रपतिहरु भारत स्वतन्त्र हुनु अघि जन्मेका थिए), ओडिसाबाट पहिलो राष्ट्रपति र राष्ट्रपति बन्ने पहिलो पार्षद ।

भारतमा एउटा अत्यन्तै राम्रो चलन छ । त्यहाँको राष्ट्रपति पदमा सामाजिक जीवनका व्यक्तित्वदेखि अल्पसंख्य र पिछडिएका जातजातिबाट पनि सबै मिलेर चयन गर्ने गरिन्छ । नेपालले धेरै कुरा भारतको नक्कल गर्ने गर्दछ । भारतको राष्ट्रपतिको चुनावको अनुकरण गरे नेपालका अल्पसंख्यक तथा पछाडि पारिएका समुदायको लागि सम्मान हुने थियो । यस्तो शुभ घटना नेपालमा कहिले देख्न पाइएला ? अहम् प्रश्न यही छ । *(एजेन्सीको सहयोगमा)*

# अर्जुनधारा : लक्ष्यभन्दा बढी आन्तरिक आय संकलन



☐ **अमित खम्बू**

**अर्जुनधारा, साउन ७।** अर्जुनधारा नगरपालिकाले गत आर्थिक वर्ष ०७८/०७९ मा लक्ष्यभन्दा बढी आन्तरिक आय संकलन गर्न सफल भएको छ ।

दैनिक संकलन गर्ने क्षेत्रसँगै आम्दानीका अन्य क्षेत्रबाट प्राप्त आय प्राप्त भएपछि नगरपालिकाले उक्त लक्ष्यभन्दा बढी आन्तरिक आय संकलन गर्न सफल भएको राजश्व शाखा प्रमुख डेनजनी आचार्यले जानकारी दिए ।

नगरपालिकाको नगर सभाबाट पारित आर्थिक ऐन् अनुसार पाँच करोड ५० लाख रुपैयाँ आन्तरिक आय संकलन गर्ने लक्ष्य लिएकोमा पछि राजश्व परामर्श समितिको संशोधित आय प्रक्षेपण अनुसार पाँच करोड रुपैयाँ संकलन गर्ने लक्ष्य लिएको थियो । शाखाका अनुसार नगरपालिकाले दैनिक संकलन गर्ने क्षेत्रबाट चार करोड ८४ लाख २३ हजार सात सय ९८ रुपैयाँ ८६ पैसा र आइतबारे बजार ठेक्काबाट २४ लाख २७ हजार तीन सय ६६ रुपैयाँ संकलन गरेको छ ।

उक्त आन्तरिक आय नदीजन्य सामग्री उत्खनन्, संकलन तथा बिक्री, अर्जुनधारा-११ स्थित टेकबहादुर गिरी बसपार्क र विज्ञापन करबाट प्राप्त हुने आय बाहेक भएको शाखा प्रमुख आचार्यले बताए । उनी भन्छन्- 'सबै आय जोड्ने हो भने नगर सभाबाट पारित लक्ष्यभन्दा बढी आन्तरिक आय संकलन हुनेछ ।'

उच्च अदालतमा मुद्दा विचाराधीन रहेका कारण नदीजन्य सामग्री उत्खनन्, संकलन तथा बिक्री वापत प्राप्त हुने आय बाँकी रहेको, टेकबहादुर गिरी बसपार्कबाट प्राप्त हुने आय बिर्तामोड नगरपालिकाबाट सम्झौता बमोजिम पाउन बाँकी रहेको र विज्ञापन कर वापतको एक लाख २३ हजार चार सय ५१ रुपैयाँ प्रदेश सरकारसँग बाँडफाँड पश्चात् मात्र प्राप्त हुने उनले बताए । यता शनिश्चरे बजारको ठेक्का भने गत आर्थिक वर्षमा नलागेको बताइएको छ ।

**यस्तो छ दैनिक संकलन गर्ने क्षेत्रतर्फको शीर्षकगत आवधिक आय :**

शाखाले उपलब्ध गराएको दैनिक संकलन गर्ने क्षेत्र अन्तर्गतको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार सिफारिस दस्तुर वापत एक करोड ६८ लाख ६७ हजार छ सय १३ रुपैयाँ १३ पैसा, भूमि तथा मालपोत कर बापत ९३ लाख ४१ हजार दुई सय ३६ रुपैयाँ ९६ पैसा, नक्सा पास दस्तुर वापत ७१ लाख ३३ हजार छ सय ७९ रुपैयाँ ६५ पैसा, घर बहाल कर वापत २८ लाख ८९ हजार नौ सय ५३ रुपैयाँ ७९ पैसा, व्यवसाय कर वापत २५ लाख ५९ हजार सात सय ६७ रुपैयाँ, बहाल बिटौरी वापत २४ लाख ४८ हजार छ सय २८ रुपैयाँ ६७ पैसा, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय-सम्पत्ति भाडा वापत २० लाख नौ हजार छ सय रुपैयाँ, सम्पत्ति कर वापत ११ लाख छ हजार ६२ रुपैयाँ संकलन गरिएको छ ।

त्यसैगरी अन्य क्षेत्रको आय (सामुदायिक वनको आय समेत) वापत सात लाख ८४ हजार नौ सय २२ रुपैयाँ १३ पैसा, नाता प्रमाणित दस्तुर वापत सात लाख ६० हजार पाँच सय ८७ रुपैयाँ ५० पैसा, व्यक्तिगत घटना दर्ता दस्तुर वापत छ लाख ९५ हजार सात सय रुपैयाँ, अन्य दस्तुर वापत छ लाख १३ हजार पाँच सय ७९ रुपैयाँ ८३ पैसा, प्रशासनिक दण्ड जरिवाना र जफत वापत छ लाख दुई हजार सात सय रुपैयाँ, सरसफाई शुल्क वापत एक लाख २९ हजार चार सय ९५ रुपैयाँ, न्यायिक दस्तुर वापत एक लाख २६ हजार आठ सय ४१ रुपैयाँ, अन्य सेवा शुल्क तथा बिक्री (पार्क, वनभोज स्थल, भ्यू-टावर तथा ढुङ्गा, गिटी, बालुवा समेत) ७४ हजार आठ सय १७ रुपैयाँ २० पैसा संकलन गरिएको छ ।

त्यस्तै अन्य कर वापत ५१ हजार सात सय १० रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्क वापत ४९ हजार छ सय ५० रुपैयाँ, घर बहाल कर वापत ३४ हजार ५० रुपैयाँ, अन्य बिक्रीबाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्सा आदि) वापत ३३ हजार रुपैयाँ, बेरुजु वापत २९ हजार पाँच सय ८५ रुपैयाँ, परीक्षा शुल्क वापत २१ हजार नौ सय रुपैयाँ, शिक्षा क्षेत्रको आम्दानी वापत २० हजार रुपैयाँ, विद्युत सेवा शुल्क वापत १६ हजार ५० रुपैयाँ संकलन गरिएको छ ।

त्यसैगरी व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत छ हजार नौ सय रुपैयाँ, शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन वापत पाँच हजार ३० रुपैयाँ, न्यायिक दण्ड जरिवाना र जफत वापत पाँच हजार रुपैयाँ, भूमि तथा मालपोत बक्यौता वापत तीन हजार दुई सय ४० रुपैयाँ, चालक अनुमति पत्र सवारी दर्ता ब्लुबुक सम्बन्धी दस्तुर वापत एक हजार दुई सय रुपैयाँ, अन्य राजश्व वापत नौ सय रुपैयाँ, व्यक्तिगत सम्पत्तिमा लाग्ने कर तीन सय रुपैयाँ र शिक्षा सेवा शुल्क शैक्षिक संस्था वापत एक सय रुपैयाँ संकलन गरेको छ ।

नगरपालिकाले दैनिक संकलन गर्ने क्षेत्रबाट संकलन भएको जम्मा आय चार करोड ८४ लाख २३ हजार सात सय ९८ रुपैयाँ ८६ पैसा मध्ये नगर राजश्व शाखाले एक करोड १६ लाख ६० हजार आठ सय ४२ रुपैयाँ ६५ पैसा (२४.०८%) र ११ वटा वडा कार्यालयले तीन करोड ६७ लाख ६२ हजार नौ सय ५६ रुपैयाँ २२ पैसा ( ७५.९२%) आय संकलन गरेको छ ।

त्यसैगरी वडा कार्यालयहरुतर्फ अर्जुनधारा-१ वडा कार्यालयबाट १२ लाख ९० हजार नौ सय ८९ रुपैयाँ ७० पैसा, अर्जुनधारा-२ वडा कार्यालयबाट १० लाख ५३ हजार ६० रुपैयाँ ५४ पैसा, अर्जुनधारा-३ वडा कार्यालयबाट १६ लाख ४६ हजार दुई सय ७८ रुपैयाँ ६७ पैसा, अर्जुनधारा-४ वडा कार्यालयबाट २८ लाख चार हजार छ सय १० रुपैयाँ ९४ पैसा, अर्जुनधारा-५ वडा कार्यालयबाट ५६ लाख ७१ हजार नौ सय ९९ रुपैयाँ ११ पैसा, अर्जुनधारा-६ वडा कार्यालयबाट ४४ लाख ५५ हजार एक सय ४९ रुपैयाँ ३४ पैसा आय संकलन भएको छ ।

त्यस्तै अर्जुनधारा-७ वडा कार्यालयबाट १६ लाख ९० हजार छ सय ३४ रुपैयाँ १० पैसा, अर्जुनधारा-८ वडा कार्यालयबाट ५६ लाख सात हजार दुई सय ३१ रुपैयाँ ३९ पैसा, अर्जुनधारा-९ वडा कार्यालयबाट ३४ लाख ८९ हजार पाँच सय ४० रुपैयाँ ८८ पैसा, अर्जुनधारा-१० वडा कार्यालयबाट ३५ लाख २२ हजार पाँच सय ९४ रुपैयाँ ८५ पैसा र अर्जुनधारा-११ वडा कार्यालयबाट ५५ लाख ३० हजार आठ सय ६६ रुपैयाँ ७० पैसा आय संकलन भएको छ । वडा कार्यालयहरु मध्ये सबैभन्दा बढी आय अर्जुनधारा-५ वडा कार्यालयले र सबैभन्दा कम आय अर्जुनधारा-२ वडा कार्यालयले संकलन गरेको छ ।

त्यसैगरी नगरपालिकाले दैनिक संकलन गर्ने क्षेत्रतर्फ आर्थिक वर्ष ०७५/०७६ मा तीन करोड २२ लाख ९७ हजार एक सय ८७ रुपैयाँ, आर्थिक वर्ष ०७६/०७७ मा तीन करोड २३ लाख २६ हजार आठ सय ८३ रुपैयाँ ५८ पैसा र आर्थिक वर्ष ०७७/०७८ मा छ करोड ७४ लाख ३० हजार पाँच सय ७६ रुपैयाँ १८ पैसा आय संकलन गरेको थियो ।

# विद्यालयमा ‘भूकम्प’ आएपछि...

☐ उमानाथ भण्डारी



**कमल, साउन ७।** बिहीबार दिउँसो कमल गाउँपालिका-२ स्थित ज्योति माध्यमिक विद्यालयमा पुग्दा भूकम्प आएको जनाकारी दिने साइरन बजिरहेको थियो ।

साइरन बजेको १ मिनेट बित्न नपाउँदै निक्कै भागदौड शुरु भयो । कोही एम्बुलेन्सलाई सम्पर्क गर्न थाले भने कोही सुरक्षा निकायलाई त कोही स्वास्थ्यकर्मीलाई । कोही कक्षा कोठामा भएका घाइते विद्यार्थीलाई खुल्ला चौरमा ल्याएर प्राथमिक उपचार गर्न थाले ।

यो दृश्य हेर्दै गर्दा लाग्थ्यो भूकम्प आएर धेरै मात्रामा विद्यार्थी घाइते भएर उनीहरुको उद्धार र उपचारमा निकै ठूलो जनशक्ति परिचालन भइरहेको छ । तर, यो वास्तविक भूकम्प नभएर साच्चिकै भूकम्प आएमा कसरी आफू सुरक्षित रहने र घाइते भएकालाई उद्धार गर्ने भन्ने विषयमा कारितास नेपाल दमकले गरेको कृतिम अभ्यास थियो ।

कारितास नेपालले कमल गाउँपालिकामा रहेका जोखिमयुक्त विद्यालयमा तीन वर्षदेखि नियमित रुपमा बृहत विद्यालय सुरक्षा कार्यान्वयन गर्दै आइरहेको छ । जस अन्तर्गत विद्यालयको भौतिक पूर्वाधार, खानेपानी, बाढी प्रभावित विद्यालयमा तटबन्ध जस्ता कार्यक्रम सञ्चालन गर्दै आइरहेको कारितास नेपाल दमकका प्रमुख देवेन्द्र पोखेलले बताए ।

कमल गाउँपालिकामा रहेको विद्यालयहरु मध्ये जोखिमा परेका कमल गाउँपालिका वडा नम्वर १ स्थित नरेन्द्र जनता माध्यमिक विद्यालय र नवदुर्गे आधारभूत विद्यालय र कालिका आधारभूत विद्यालय, वडा नम्वर २ स्थित कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालय र ज्योति माध्यमिक विद्यालय वडा नम्वर ७ अरनिको आधारभूत विद्यालय र सरस्वती माध्यमिक विद्यालयमा बृहत विद्यालय सुरक्षा कार्यक्रम सञ्चालन भएको छ ।

विपद्को जोखिममा रहेका विद्यालयलाई यस्ता कार्यक्रमले धेरै ठूलो सहयोग पुगेको छ । भूकम्प लगायतका विपद् आएमा कसरी सुरक्षित रहने भन्ने विषयमा समेत गरिएको कृतिम अभ्यासले राम्रो सन्देश दिएको ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलक खड्का बताउँछन् ।

तीन वर्षदेखि कारितास नेपालले विपद्सँग सम्बन्धित धेरै कार्यक्रम गरेको छ । जस अन्तर्गत बाढी प्रभावित विद्यालको तटबन्ध गरेको छ भने भूकम्पबाट जोगिनका लागि गरेको कृतिम अभ्यासका साथै विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कारितास नेपालले गरेको योगदान अत्यन्तै महत्वपूर्ण छ । जसका कारण विद्यालय मात्र नभएर विद्यालय वरपरको समाजमा समेत यस्ता कार्यक्रमले निकै प्रभाव पारेको र विद्यार्थी तथा अभिवाकलाई राम्रो सन्देश दिएको ज्योति माध्यमिक विध्यालयका प्रधानाध्यापक नगेन्द्र बस्नेतले जानकारी दिए ।

भूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल विश्वको ११औं स्थानमा पर्दछ भने बाढी-पहिरोको हिसाबले समेत नेपाल निकै जोखिममा छ । यो सँगै हावाहुरी, सर्पदंश जस्ता विपद्का घटना समेत आउने गरेको छ ।

सुरक्षित सिकाइका लागि विद्यालयको वातावरण राम्रो हुन आवश्यक छ । किताबी ज्ञानले मात्र विद्यार्थीलाई पुग्दैन कारितास नेपालले हामी विद्यार्थीलाई दैनिक जीवनमा आइपर्ने धेरै कुराहरु सिकाएको छ । जसका कारणले विद्यालयमा मात्र नभएर आफ्नो घरपरिवार र समाजमा समेत सहयोग पुग्ने गरेको ज्योति बालक्लवका अध्यक्ष प्रविण बस्नेतले बताए ।

सुरक्षित सिकाइका लागि विद्यालय विपद्को जोखिमबाट मुक्त हुन पर्दछ । विद्यालयको वातावरण मात्र राम्रो भएको पुग्दैन । त्यसका लागि विध्यालय भन्दा वाहिरको वातावरण समेत विपद्मुक्त हुनु आवश्यक छ । विपद्रहित वातावरणमा गरिएको शिक्षण सिकाइले मात्र विद्यार्थीको सिकाइ उपलब्धि राम्रो हुन्छ ।

# कचनकबलमा राप्रपाले बुझायो ज्ञापन



**भद्रपुर, साउन ७।** कचनकवल गाउँपालिकाका प्रवक्ता चिन्तामणि खरेलले गैरजिम्मेवार दिएको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) गाउँ कार्यसमितिले गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

गाउँपालिकामा करार सेवामा कार्यरत ११ जना कर्मचारी निकालेको भन्दै पीडित कर्मचारीहरूले गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीलाई पुर्नवहालीको माग राख्दै ज्ञापनपत्र बुझाउने क्रममा ६ नम्बर वडाध्यक्ष समेत रहेको खरेलले गैर जिम्मेवार अभिव्यक्ति (राप्रपाका कर्मचारी छानिछानी निकालिने छन्) भन्ने शब्द बोलेको आरोप लगाइएको छ ।

खरेलले बोलेको गैर जिम्मेवार अभिव्यक्ति अविलम्ब फिर्ता लिई सार्वजनिक रुपमा माफी माग्नुपर्ने लगायतको माग राख्दै राप्रपाका गाउँपालिका अध्यक्ष रविचन्द्र ओझासहितको कार्यकर्ताले गाउँपालिका अध्यक्ष राजवंशीलाई सो ज्ञापनपत्र बुझाएका हुन् ।

कचनकवल-६ का अभिभावकीय भूमिका र जिम्मेवारीमा रहेका वडाध्यक्ष खरेलले गैरजिम्मेवार ढङ्गले राप्रपालाई दोषारोपण लगाउनु कार्य अत्यन्त लज्जास्पद भएको बताइएको छ । यस अभिव्यक्तिले आमजनतामा भ्रम सृजना गरेकोप्रति राप्रपाको गम्भीर ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रमा दुरासाय पूर्वाग्राही भावनाले हटाइएका करारका कर्मचारीलाई यथा स्थानमा अभिलम्ब बहाल गर्न माग गरेको छ । त्यस्तै आगामी दिनमा पूर्वाग्राही पूर्ण कार्य बन्द गर्न, गाउँपालिकाका तत्कालीन जनप्रतिनिधिहरूले जनताको हितमा अति विपन्न परिवारलाई ग्यास चुलो वितरण योजना सञ्चालन गरेकोमा सो योजना रद्द गरी अति विपन्न परिवारलाई मर्कामा पार्ने काम भएको हुँदा सो योजना पुनः कार्यान्वयनमा ल्याउन माग गरिएको छ ।

त्यस्तै पाठामारीदेखि बालुबाडीसम्मको कालोपत्रे सडक गुणस्तरहीन भएकाले आवश्यक अनुगमन गरेर मात्र सिफारिस दिन र चारआली-केचना सडकखण्ड अन्तर्गत लाहुर चौकदेखि केचनासम्म बीच-बीचमा सडक तथा ढुङ्गा-जाली भत्किएकाले सम्बन्धित निकायसँग सम्पर्क गरी अभिलम्ब मर्मतसम्भार गर्न लगायतका माग राख्दै राप्रपाले ज्ञापन पत्र बुझाएको हो ।

# सुरुङ्गा बजार व्यवस्थापनमा बिमली

**सुरुङ्गा, साउन ७।** सुरुङ्गा बजार व्यवस्थापन समितिको अध्यक्षमा मनोहरि बिमली सर्वसम्मत चयन भएका छन् ।

समितिको उपाध्यक्षमा मेघराज पाठक, सचिवमा सन्तोष प्रसाईं, सहसचिवमा नारायण अधिकारी र कोषाध्यक्षमा मीना पाठक चयन भएको सुरुङ्गा बजार व्यवस्थापन समितिका पूर्व सहसचिव समेत रहेका हाल कनकाई नगरपालिका वार्ड नं. ३ का वार्ड सदस्य गोविन्द सुवेदीले जानकारी दिए । त्यस्तै सदस्यहरूमा श्याम राई, ज्योति श्रेष्ठ, टीका ओली र धनमाया खनाल रहेका छन् ।

कनकाई-३ को वार्ड कार्यालयमा भएको व्यापारी, व्यवसायी तथा राजनीतिक दलका प्रतिनिधि समेतको छलफलबाट सर्वसम्मत रूपमा नौ सदस्यीय बजार व्यवस्थापन समिति गठन गरिएको हो ।

कनकाई वार्ड नं. ३ का वडाध्यक्ष युवराज चम्लागाईको अध्यक्षतामा भएको भेलामा नगर कार्यपालिका सदस्य कृष्णमाया भुजेल, वार्ड सदस्य गोविन्द सुवेदी, एमाले नेता कृष्णप्रसाद खतिवडा लगायतले मन्तव्य राखेका थिए ।

नवनिर्वाचित अध्यक्ष बिमलीले बन्दमुक्त शान्तिक्षेत्रको छवि बनाएको सुरुङ्गाको गरिमालाई कायम राख्दै सुरुङ्गावासीको सहयोगमा बजारलाई थप व्यवस्थित बनाउन क्रियाशील हुने प्रतिबद्धता जनाए ।


धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्कः 9808705206 9863983668 9807930740 9827930240



झट्ट फोन झट्ट सेवा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

आवश्यकता

महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : १५ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले ‘नो झञ्झट’
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| दुर्गादेवी श्रेष्ठ समेत | डाँगीबारी-७ | ३१० | १-४-१० | रामबहादुर खवास |
| | | ३१२ | ०-१५-१० | |
| | | ३११ | ०-१०-० | |
| | | ३०९ | ०-३-० | |
| बिमला रिजाल | पथरिया-२ | ४९९ | ३५५.०० | बलबहादुर राजवंशी |
| | | ५०१ | १९९०.०० | |
| इन्दिरा श्रेष्ठ | टाघनडुब्बा-२ | १३ | २१६५२.०० | कचालु हजाम/भाद्र उराङ्ग |


कर्मचारी आवश्यकता

पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५१,००।-सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ ।
सम्पर्क :
ग्रेट फ्युचर कम्पनी
भद्रपुर रोड, बिर्तामोड
मो. ९८१४३९७३४०

Free Visa ! Free Ticket ! Free Recruitment !
(Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEYSEER SECURITY SERVICES CO WLL — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७८/१०/२७ — चलानी नं.: ६०१७४२८२ — LT. No.: 257798 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner | 15 | 10 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 29 | 0 | | 1500 | ५२,०६५ | | | | | | | |

यसको फाइनल अन्तरवार्ता २०७९ साउन १३ र १४ गते (29 & 30 July 2022)मा सिद्धार्थ होटल बिर्तामोडमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताब्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- विनायक होटल (छेउ), विर्तामोड, झापा
E-mail : nepal@soundlinesgroup.com
Jhapa: 023- 536663, 9826969623

कतारको हमाद एयरपोर्ट र हस्पिटलमा रोजगारको अवसर

कम्पनी : FMM COMPANY LLC
पूर्व स्वीकृति मिति २०७८/१२/२४ — LT. No. 261263 — चलानी नं. ६०१७७४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 150 | 50 | 1000 | ३३,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता यही साउन १२ गते बुधबार बिर्तामोडमा हुनेछ ।

MINAWA RECRUITMENT H.R. PVT LTD
MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
Jhapa Contact: 9816002129, 9806004031

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन विमुख हुने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोलिमा बिचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्ने छ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्ने छ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।